**राष्ट्रिय समाचार समिति**
**केन्द्रीय कार्यालय**
**काठमाडौं**

**कार्यक्षमताको मूल्याङ्कन, खुला तथा समावेशी र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि दरखास्त आह्वानसम्बन्धी सूचना**

सूचना प्रकाशन मिति : २०७७।१०।३०

यस समितिको स्वीकृत दरबन्दीबमोजिम रिक्त रहेका तपसिलका पद, स्तर, तह, सेवा र समूहमा कार्यक्षमता मूल्याङ्कन, आन्तरिक खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न **लोक सेवा आयोगको** सहमति प्राप्त भएकाले तोकिएको योग्यता पुगेका नेपाली नागरिकबाट मिति २०७७।१०।३० गतेदेखि दरखास्त आह्वान गरिएको छ । **लोक सेवा आयोगबाट** सञ्चालन हुने उक्त परीक्षामा सहभागी हुन यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आन्तरिक र खुला प्रतियोगितात्मक परीक्षाका लागि **अधिकृतस्तरको पदका लागि रु. १,२००/-(एक हजार दुई सय) र सहायकस्तरका लागि रु. ६००/- (छ सय)** का दरले लाग्ने परीक्षा दस्तुर यस समितिको राष्ट्रिय वाणिज्य बैंक (राबाबैं), थापाथलीमा रहेको **चल्ती खाता नं. १४३०१००००२४७४००१ मा राबाबैंका जुनसुकै शाखाबाट** रकम जम्मा गरी सक्कलै भौचर संलग्न गरी राससको केन्द्रीय कार्यालयमा आवेदन दिनुपर्नेछ। दरखास्त फाराम समितिको वेबसाइट www.rssnepal.org.np/publication बाट डाउनलोड गर्न सकिनेछ। तोकिएको अवधिभित्र आवेदन पेश नगरेका वा रीतपूर्वक दरखास्त फाराम नभरेका उम्मेदवारहरू प्रतियोगितात्मक परीक्षामा सहभागी हुन नपाउने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**(क) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवातर्फ**

| क्र.स. | विज्ञापन नं. | पदको नाम | सेवा/ समूह | तह | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १-२०७७/७८ | नायब महाप्रवन्धक | रासस सेवा/ समाचार समूह | ११ | २ |
| २ | २-२०७७/७८ | नायब महाप्रवन्धक | रासस सेवा/ अर्थ तथा प्रशासन समूह | ११ | १ |
| ३ | ३-२०७७/७८ | प्रमुख समाचारदाता/प्रधान सम्पादक | रासस सेवा/ समाचार समूह | १० | ४ |
| ४ | ४-२०७७/७८ | वरिष्ठ समाचारदाता/कार्यकारी सम्पादक | रासस सेवा/ समाचार समूह | ९ | १ |
| ५ | ५-२०७७/७८ | समाचारदाता /वरिष्ठ सम्पादक | रासस सेवा/ समाचार समूह | ८ | १ |
| ६ | ६-२०७७/७८ | सह-समाचारदाता/सह-सम्पादक | रासस सेवा/ समाचार समूह | ७ | ६ |
| ७ | ७-२०७७/७८ | वरिष्ठ अधिकृत | रासस सेवा/ अर्थ तथा प्रशासन समूह | ७ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ८-२०७७/७८ | वरिष्ठ अधिकृत | रासस सेवा/ प्राविधिक समूह | ७ | १ |
| ९ | ९-२०७७/७८ | उप समाचारदाता / उपसम्पादक | रासस सेवा/ समाचार समूह | ६ | १ |
| १० | १०-२०७७/७८ | वरिष्ठ सहायक (समाचार) | रासस सेवा/ समाचार समूह | ५ | १ |

**नोटः**

१. **कार्यसम्पादन मूल्याङ्कन बढुवा** प्रक्रिया राष्ट्रिय समाचार समिति कर्मचारी सेवा शर्त विनियमावली, २०५६ (आठौं संशोधन, २०७६ सहित) बमोजिम हुनेछ ।

**(ख) आन्तरिक, खुल्ला तथा समावेशीमा लोक सेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक लिखित परीक्षातर्फ**

| क.स. | विज्ञापन नं. | पदको नाम | सेवा/ समूह | तह | आन्तरिक प्रतियोगिता | माग पद सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खुला | महिला | आ.ज. |
| १ | ११-२०७७/७८ | समाचारदाता /वरिष्ठ सम्पादक | रासस सेवा/ समाचार समूह | ८ | १ | - | - | - |
| २ | १२-२०७७/७८ | सह-समाचारदाता/सह-सम्पादक | रासस सेवा/ समाचार समूह | ७ | १ | १ | - | - |
| ३ | १३-२०७७/७८ | उप समाचारदाता /उपसम्पादक | रासस सेवा/ समाचार समूह | ६ | १ | २ | १ | १ |
| ४ | १४-२०७७/७८ | अधिकृत | रासस सेवा/ प्राविधिक समूह | ६ | - | १ | - | - |
| ५ | १५-२०७७/७८ | अधिकृत | रासस सेवा/ अर्थ तथा प्रशासन समूह | ६ | - | १ | १ | - |
| ६ | १६-२०७७/७८ | वरिष्ठ सहायक (समाचार) | रासस सेवा/ समाचार समूह | ५ | १ | १ | - | - |
| ७ | १७-२०७७/७८ | वरिष्ठ सहायक | रासस सेवा/ अर्थ तथा प्रशासन समूह | ५ | - | १ | - | - |
| ८ | १८-२०७७/७८ | वरिष्ठ सहायक | रासस सेवा/ प्राविधिक समूह | ५ | - | १ | - | - |
| ९ | १९-२०७७/७८ | सहायक | रासस सेवा/ समाचार समूह | ४ | - | २ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | २०-२०७७/७८ | सहायक | रासस सेवा/ अर्थ तथा प्रशासन समूह | ४ | - | १ | १ | - |
| ११ | २१-२०७७/७८ | सहायक | रासस सेवा/ प्राविधिक समूह | ४ | - | १ | - | - |

**नोटः**

१. **सेवाको किसिम** : स्थायी

२. **सेवाको शर्त, तलब, भत्ता तथा सुविधा** : समितिको नियमानुसार हुनेछ ।

३. **कामको किसिम र काम गर्नुपर्ने क्षेत्र** : परीक्षामा सफल भई नियुक्त हुने उम्मेदवारहरूले प्रचलित कानूनको अधीनमा रही समितिले तोकेअनुसारको कार्य गर्नुपर्नेछ ।

४. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव :**

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाका लागि अधिकृतस्तर तह ६ मा कम्तीमा प्रविणता प्रमाणपत्र तह र अधिकृतस्तर तह ७ र ८ मा कम्तीमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ ।

(ख) अधिकृतस्तर तह ७ सहसम्पादक/समाचारदाता पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण भएको हुनुपर्नेछ ।

(ग) अधिकृतस्तर तह ६ का पदहरूमा सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण हुनुपर्नेछ ।

(घ) सहायकस्तर पाँचौं तहको वरिष्ठ सहायक पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय लिइ माध्यमिक शिक्षा परीक्षा ( एसएलसी/एसईई) उत्तीर्ण गरी कक्षा एघार र बाह्रका प्रत्येक विषयहरु (सैद्धान्तिक एवम प्रयोगात्मक) मा न्यूनतम डी प्लस र सिजिपिए एक दशमलव छ प्राप्त गरेको वा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको ।

(ङ) सहायकस्तर चौथो तहको सहायक पदका लागि सम्बन्धित विषयमा कम्तीमा एसएलसी वा एसईईमा न्यूनतम जीपीए २ प्राप्त वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।

५. **समावेशी समूहमा आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीका आधारमा तर नेपाल आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

६. विदेशी विश्वविद्यालय वा बोर्डबाट उत्तीर्ण भई शैक्षिक योग्यता प्राप्त गर्ने उम्मेदवारले त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

७. समावेशीअन्तर्गतको पदमा दरखास्त दिन चाहने उम्मेदवारले प्रत्येक समावेशी समूहका लागि रु. ६००/- (छ सय) का दरले थप परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

**८. उम्मेदवारको उमेरको हद दरखास्त दिने अन्तिम मितिसम्म**

(क) खुलातर्फ सहायकस्तर तह ४ र ५ को पदमा आवश्यक न्यूनतम उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

(ख) खुलातर्फ अधिकृतस्तरको पदमा २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको ।

(ग) खुलातर्फ महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।

(घ) राष्ट्रिय समाचार समिति (रासस)का आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी हुने स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लागु हुनेछैन ।

**९. दरखास्त फाराम भर्ने अवधि** २०७७।१०।३० देखि २०७७।१२।१ सम्म

**१०. दोब्बर दस्तुर तिरी फाराम भर्ने अवधि** २०७७।१२।२ देखि २०७७।१२।८ सम्म हुनेछ । दरखास्त बुझाउने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको दिन दरखास्त पेश गर्न सकिनेछ । तर दरखास्त दिने अन्तिम मिति २०७७।१२।१ पछि प्राप्त भएको शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र तथा उमेरको हद मान्य हुनेछैन ।

**११. दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरू :** शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्रका सबै कागजात, समावेशी समूहका विज्ञापनका हकमा समावेशी समूह खुल्ने कागजात र विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

**१२. उम्मेदवारको छनोट विधि :** खुल्ला प्रतियोगितात्मक परीक्षामा संलग्न उम्मेदवारहरूको छनोट लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताबाट हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरू मात्र लिखित परीक्षामा र लिखित परीक्षामा सफल भएका उम्मेदवारले मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सहभागी हुन पाउनेछन् ।

**१३. लिखित परीक्षा सञ्चालन हुने मिति, समय र स्थान :** उपरोक्त विज्ञापनहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । सम्पूर्ण पदहरूको लिखित परीक्षा काठमाडौँमा सञ्चालन हुनेछ । लिखित परीक्षाको प्रक्रिया, समय र स्थान लोक सेवा आयोगबाट सूचना प्रकाशन गरेबमोजिम हुनेछ । लिखित परीक्षाका लागि दरखास्त बुझाउने तथा सम्पर्क गर्ने स्थान राष्ट्रिय समाचार समिति, केन्द्रीय कार्यालय, काठमाडौँ र सम्पर्क मिति २०७७/१२/२७ हुनेछ ।

**१४. दरखास्त बुझाउने स्थान :** राष्ट्रिय समाचार समिति, केन्द्रीय कार्यालय, सिंहदरवार प्लाजा, काठमाडौँ ।

**१५. परीक्षणकालको अवधि :** पुरुष कर्मचारीका लागि एक वर्ष र महिला कर्मचारीका लागि ६ महिनाको अवधि हुनेछ ।

१६. **पाठ्यक्रम :** लिखित परीक्षाको पाठ्यक्रम समितिको वेबसाइट www.rssnepal.org.np/publication बाट डाउनलोड गर्न सकिनेछ ।

१७. **दरखास्त स्वीकृत गर्ने अधिकार राष्ट्रिय समाचार समितिमा रहनेछ ।** तोकिएको अवधिभित्र दरखास्त पेश नगरेका र रित नपुगेका दरखास्तहरूलाई सम्भाव्य उम्मेदवारका रुपमा समावेश गरिने छैन ।

(सदस्य सचिव)
राष्ट्रिय समाचार समिति
पदपूर्ति समिति